बैठक संख्या - २३

आज मिति २०८०।५।६ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यूको अध्यक्षता कार्यपालिकाको बैठक बसी निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | श्री तप्त बहादुर पौडेल | - | गा.पा.अध्यक्ष |
| २. | श्री मालिका सिंह थारु | - | –॥– उपा.अ |
| ३. | श्री यम बहादुर खड्का | - | १ नं. वडा अध्यक्ष |
| ४. | श्री ज्ञानेन्द्रराज वली | - | २ –॥– |
| ५. | श्री मित कुमार थारु | - | ३ –॥– |
| ६. | श्री मित्रराज खड्का | - | ४ –॥– |
| ७. | श्री फगन थारु | - | ५ –॥– |
| ८. | श्री लालराज रखेल | - | ६ –॥– |
| ९. | श्री रामलखन थारु | - | ७ –॥– |
| १०. | श्री सालिकराम डाँगी | - | ८ –॥– |
| ११. | श्री सोहनलाल थारु | - | ९ –॥– |
| १२. | श्री राधिका सुनार | - | कार्यपालिका सदस्य |
| १३. | श्री यम कुमारी वली | - | –॥– |
| १४. | श्री गौरा कुमारी डाँगी | - | –॥– |
| १५. | श्री सुमित्रा थारु | - | –॥– |
| १६. | श्री थान बहादुर वि.क. | - | –॥– |
| १७. | श्री केशवराज दमाई | - | –॥– |
| १८. | श्री नारायणप्रकाश देवकोटा | - | सचिव |

~~१९ श्री [illegible] पण्डित~~

सहयोगि कर्मचारी

१. जनार्दन पौडेल

२. राज तिलक थापा

**कार्यपालिका बैठक संख्या नं. २९** **मिति २०८०/०५/०७ गते**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. नियमावली, निर्देशिका तथा कार्यविधि स्वीकृत सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. नदीजन्य पदार्थको ठेक्का लगाउने सम्बन्धमा।
५. औधोगिकग्रामको पूर्वाधार निर्माण सम्बन्धी बोलपत्र आव्हान सम्बन्धमा।
६. म्याद थप सम्बन्धमा।
७. स्थानीय पाठ्यक्रम (कक्षा १-५) स्वीकृत सम्बन्धमा।
८. ठेक्का ईजाजत पत्र अनुमती सम्बन्धमा।
९. कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रतिवेदन सम्बन्धमा।
१०. टोल विकास संस्थाहरुको लेखापरीक्षण सम्बन्धमा।
११. उपभोक्ता हित संरक्षण समिति र बजार अनुगमन समिति गठन सम्बन्धमा।
१२. शववाहन माग गर्ने सम्बन्धमा।
१३. भूमि व्यवस्थापन कार्यका लागि टोली विभाजन सम्बन्धमा।
१४. भूमि व्यवस्थापन सेवा केन्द्र प्रमुख तोक्ने सम्बन्धमा।
१५. भूमि व्यवस्थापन कर्मचारीको सेवा सुविधा तोक्ने सम्बन्धमा।
१६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र उपर छलफल सम्बन्धमा।
१७. पशु सेवाका कर्मचारीहरुको सेवा निरन्तरता सम्बन्धमा।
१८. भुक्तानी बाँकी अभिलेख प्रमाणीकरण सम्बन्धमा।
१९. विविध।
   (क) आर्थिक सहायता सम्बन्धमा।
   (ख) युवा सञ्जाललाई सामाग्री सहयोग गर्ने सम्बन्धमा।
   (ग) सूचना आव्हान सम्बन्धमा।
   (घ) राष्ट्रिय बाणिज्य बैंकको शाखा स्थापना सम्बन्धमा।
   (ङ) चौकीदार व्यवस्थापन सम्बन्धमा।
   (च) सहमति सम्बन्धमा।
   (छ) नदी कटान सम्बन्धमा।
   (ज) स्थानीय विदा सम्बन्धमा।

प्रमाणित

ओम-प्रकाश ढकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधायन समितिमा पठाईएका तपसीलका नियमावली, निर्देशिका तथा कार्यविधि विधायन समितिबाट प्राप्त राय अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

तपसील

(१) गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०८०
(२) गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०८०
(३) बजार अनुगमन निर्देशिका, २०८०
(४) किसान परिचय पत्र वितरण कार्यविधि, २०८०
(५) गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
(६) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८०
(७) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि, २०८०

साथै तपसीलमा उल्लेखित निर्देशिका तथा कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

(१) न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८०
(२) राप्ती सोनारी गाँउपालिकाको कार्यसञ्चालन निर्देशिका ,२०७९ (प्रथम संसोधन २०८०)
(३) अटो तथा विद्युतीय रिक्सा नियमन तथा व्यवस्थापन कार्यविधि, २०८०
(४) खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०

**निर्णय नं. ३**

राप्ती सोनारी गाँउपालिको वडा नं १ को विभिन्न स्थानमा सिंचाई व्यवस्थापन गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा यस गाउँपालिकाको खानेपानी तथा सरसफाई कार्ययोजना (Wash Plan) कार्यका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

हरेक वर्ष झैं आगामी असोज १ गतेबाट प्रचलित कानून बमोजिम उत्खनन् खुल्ला हुने नदीजन्य पदार्थको ठेक्का प्रचलित कानून र IEE प्रतिवेदनको अधिनमा रही तपसीलका उत्खनन् घाटहरु (मुगुवा खोला र टिकुलीपुर घाट बाहेक) को एकमुष्ट रूपमा लगाउने र सो प्याकेजमा रहेको मुगुवा खोला राप्ती नदीमा ADB को सहयोगमा सिंचाई विभागले जनताको तटबन्ध मार्फत गर्न लागेको तटबन्धन कार्यका लागि आवश्यक ढुंगा आपूर्ति हुने मूख्य श्रोतको रुपमा रहेकोले जनताको तटबन्ध कार्यालयको माग बमोजिमको ढुंगा **ढुङ्गा, गिट्टि, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** को दफा १२ बमोजिम प्राथमिकता प्राप्त आयोजनाहरुलाई आवश्यक नदीजन्य पदार्थ प्रचलित कानून बमोजिम राजश्व रकम प्राप्त गरी आपूर्ति सुनिश्चित गर्ने र IEE प्रतिवेदनमा उल्लेख भएको परिमाणमा मात्र टिकुलीपुर घाटको ठेक्का आव्हान गर्दा नदीको अत्यधिक दोहन हुने तर पालिकालाई प्राप्त हुने राजश्व रकम कम भएको हुँदा ठेक्काको प्याकेजमा नराख्ने गरी राजश्व अनुमान स्वीकृत गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

प्रमाणित
ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**तपसील:**

नदीजन्य पदार्थको गाँउपालिकालाई बुझाउनु पर्ने राजश्व तथा वातावरणिय शुल्क प्रति घन फिट देहाय वमोजिम कायम गरिएको छ ।

| नदीजन्यपदार्थ | रोयल्टी रु | वातावरणीयशुल्क | बाटो मर्मतशुल्क | जम्मा रु | अग्रीम आयकर | मु.अकर रकम. | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| ढुँगा, ग्राभेल, मोरङ्, गिट्टीर वालुवा | ८ | ०।५० | ०।५० | ९ | ०।१४ | १।१७ | १०।३१ |

**IEE प्रतिवेदन २०७९ वमोजिम उत्खनन् गर्न सकिने परिमाण र सो बमोजिम हुने कूल -अनुमानित आम्दानी रकम**

| सि. .न | नदी तथा खोला नालाको नाम | उत्खनन् परिणाम (घन फिट( | वातावरणीय र सडक मर्मत संभार शुल्क | जम्मा लागत रकम |
|---|---|---|---|---|
| १ | बगदैला घाट | २४३८९९४ | ९ | २१९५०९४६ |
| २ | सिजनिया घाट | ११७६७८३ | ९ | १०५९१०४७ |
| ३ | जलाला घाट फत्तेपुर | २५३३६५७ | ९ | २२८०२९१३ |
| ४ | खैरी खोला | २११८१५५ | ९ | १९०६३३९५ |
| ५ | झिझरी खोला | ३७७९७६ | ९ | ३४०१७८४ |
| ६ | आलिनगर चाँचरफर्का | १९९७७२० | ९ | १७९७९४८० |
| | जम्मा | १०६४३२८५ | | ९५७८९५६५। |
| | | | अग्रीम आयकर | १४३६८४३। |
| | | | मूल्य अभिवृध्दि कर | १२४५२६४३। |
| | | | कूल अनुमानित आम्दानी रकम | १०९६७९०५२। |

**निर्णय नं. ५**

नेपाल सरकारको निर्णय बमोजिम छनौट भई राजपत्रमा समेत प्रकाशन भएको राप्ती सोनारी औद्योगिक ग्राम पूर्वाधार निर्माणको ठेक्का यस गाउँपालिकाले स्वीकृत गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) का आधारमा औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ संसोधन २०७७ को दफा १२क उपदफा २ बमोजिम रु ३ करोडलाई आधार मानी बहुवर्षीय ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाँउपालिकाको तपसीलका आयोजना तथा कार्यक्रमहरुलाई थप आर्थिक व्ययभार नपर्ने गरी तपसील अनुसारको समयसीमाका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि न | आयोजना/कार्यक्रमको नाम | सम्झौता अवधि | थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | हाइवे हुँदै नाली सहितको बाटो निर्माण रा. सो. १ (सि एल कन्सट्रक्सन नेगं १ धम्बोझी) | २०८०/०३/२० | २०८०/०८/३० | |
| २ | भुवर भवानी मन्दिरको सटर निर्माण रा. सो. ३ | २०८०/०३/२० | २०८०/०७/१५ | |

कार्यपालिका बैठक २०८०/०५/०७

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| ३ | जुरपानी बाटो कालोपत्रे रा. सो. ५ | २०८०/०२/३० | २०८०/०८/३० | |
|---|---|---|---|---|

**निर्णय नं. ७**

शैक्षिक सत्र २०७९ बाट लागू भएको गाउँपालिका शिक्षा समितिबाट प्राप्त सिफारिशका आधारमा स्थानीय पाठ्यक्रम (१-५) स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

घरेलु तथा साना उद्योग कार्यालय, बाँकेले तपसीलको मितिहरुमा दर्ता भएको निर्माण सम्बन्धी काम गर्ने फर्महरु प्रचलित कानून बमोजिम लाग्ने राजस्व रकम लिई नयाँ इजाजत जारी गर्ने निर्णय गरियो।

| सि न | फर्मको नाम | प्रा. फ. दर्ता नम्बर | घरेलु कार्यालयबाट जारी मिति | प्रोप्राइटरको नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | शुभ डि. डि. कन्सट्रक्सन | ०९३७-११-२०८०/८१ | २०८०/०५/०५ | दिपक के. सी. | |
| २ | वसुन्धारा निर्माण सेवा | ०९२८-११-२०८०/८१ | २०८०/०५/०३ | बिशाल जि. सी. | |

**निर्णय नं. ९**

यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत भएको आ. व. २०८०/८१ को कार्यक्रम कार्यान्वयन कार्ययोजनालाई प्रभावकारी नतिजा प्राप्त गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, समस्या समाधान, सामाजिक सेवा र सूचना प्रवाहमा सहयोग पुग्ने गरी यस राप्ती सोनारी गाउँपालिका अन्तर्गत गठन र सञ्चालित टोल विकास संस्थाहरुको लेखापरीक्षण यस आ व को बजेटबाट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ११**

राप्ती सोनारी गाउँपालिका बजार अनुगमन निर्देशिका, २०८० को दफा ४ बमोजिमको उपभोक्ता हित संरक्षण समिति तथा दफा ८ (२) बमोजिम बजार अनुगमन टोली गठन गर्ने निर्णय गरियो।

**उपभोक्ता हित संरक्षण समिति:**

(१) गाउँपालिकाका उपाध्यक्ष – संयोजक
(२) गाउँपालिकाको आर्थिक समितिका संयोजक – सदस्य
(३) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधी – सदस्य
(४) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/उद्योग बाणिज्य हेर्ने (उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख – सदस्य
(५) सम्बन्धित उद्योग बाणिज्य संघको प्रतिनिधि – सदस्य
(६) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट एक जना – सदस्य
(७) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

**बजार अनुगमन टोली:**

(१) प्रशासन शाखा प्रमुख – संयोजक
(२) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) – सदस्य
(३) जिल्ला प्रशासन वा इलाका प्रशासन कार्यालयको प्रतिनिधि (उपलब्ध भएसम्म) –सदस्य

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(४) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

(५) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्तिहरु मध्येबाट मनोनित एक जना - सदस्य

(६) उद्योग वाणिज्य संघको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य - सदस्य

(७) पत्रकार महासंघ/संचारकर्मी एक जना - सदस्य

**निर्णय नं १२**

भूगोल र जनसंख्याका हिसाबले देशकै ठूला गाउँपालिकाहरु मध्य एकको रुपमा रहेको यस राप्ती सोनारी गाउँपालिकालाई आवश्यक शववाहन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत भारतीय दुतावासमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं १३**

भूमि आयोग र यस गाउँपालिकाको सहकार्यमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धी कार्यलाई छिटो छरितो, प्रभावकारी र परिणाममुखी बनाउन २ समूह बनाई वार्ड नं ४ र ७ बाट शुरु गर्ने र सो कामका लागि आवश्यक पर्ने नपुग जनशक्ति (सर्वेक्षक १ तथा अमिन १) विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ को उपदफा २ बमोजिम सेवा केन्द्र प्रमुखको रुपमा यस कार्यालयका इन्जीनियर अधिकृत छैठौं श्री यथेष्ट पुनमगरलाई जिम्मेवारी दिने तथा निजलाई अतिरिक्त जिम्मेवारी वापत यस गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम थप सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं १५**

भूमि आयोग र यस गाउँपालिकाको सहकार्यमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्यका लागि खटिने कर्मचारी (साधारण तथा प्राविधिक) हरुलाई यस गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं १६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समय समयमा यस गाँउपालिकालाई प्राप्त उजुरी सम्बन्धी पत्रहरुका बारेमा बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं १७**

मिति २०७८ चैत्रमा भर्ना नियुक्ति भएका पशुसेवाका प्राविधिक कर्मचारीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेपालगंजमा मिति २०८०/०१/३१ गते परेको उजुरीका बारेमा छलफल हुँदा हालमा महामारीका रुपमा फैलिएको लम्पीस्कीन रोगको निदान र नियन्त्रणमा उक्त जनशक्तिले योगदान पुऱ्याइरहेको र यस गाउँपालिकामा रिक्त पशु सेवाका पदमा लुम्बिनी प्रदेश लोक सेवा आयोगमा माग गरिसकिएकोले हाल कार्यरत करार सेवाका पशु सेवा प्राविधिक कर्मचारीलाई लोक सेवा आयोगबाट पदपूर्ति भई नआउन्जेल सम्मका लागि निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं १८**

आ व ०७९/८० मा कार्यसम्पन्न भई आर्थिक दायित्व श्रृजना भएका अनुसूची १ मा संलग्न आ ले प शाखाबाट प्रमाणित भई आएका कार्यक्रमहरुलाई यस आर्थिक वर्षको भुक्तानी बाँकी शीर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

प्रमाणित

ओम प्रकाश लेखकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner